# मन्थली नगरपालिका

## मन्थली, रामेछाप

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।०३।०१

यस मन्थली नगरपालिका क्षेत्रमा सौर्य सडक वत्ति जडान गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरुबाट र बजार क्षेत्रभित्र सिसि क्यामेरा जडान कार्य गर्न मान्यता प्राप्त इच्छुक फर्म, कम्पनी एवम आपूर्तिकर्ताबाट निम्न बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१. दरभाउपत्र फारम रु १,०००।-(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म वा **२०७६।०३।१५** गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति **२०७६।०३।१६ गते** दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी तथा फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । कारणवश सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको **श्री राष्ट्रिय वाणिज्य बैंक, मन्थली** को धरौटी **खाता नं. १६८०३०३००७१०२** मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि खरिद नियमावलीमा व्यवस्था भए बमोजिमको रकम यस कार्यालयको नाममा रहेको श्री **राष्ट्रिय वाणिज्य बैंक, मन्थली** को धरौटी **खाता नं. १६८०३०३००७१०२** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ (वाह) महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन सहित वमोजिम हुनेछ । अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०४८-५४०५३२ मा सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर वाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| MM/RCH/Goods/02/075/076 | सौर्य सडक बत्ती जडान कार्य | १४,६८,५१३।२७ | ४४,०००।०० | १,०००।०० | |
| MM/RCH/Goods/03/075/076 | सिसि क्यामेरा सप्लाई तथा जडान कार्य | १३,०५,०००।०० | ३९,०००।०० | १,०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner